# नेपाल राष्ट्र बैंक
## आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं
# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति
*(आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्याङ्कमा आधारित)*

**प्रमुख झलक**

- *वार्षिक औसत मुद्रास्फीति ५.४४ प्रतिशत रहेको छ ।*
- *आयात १.२ प्रतिशतले र निर्यात ३.० प्रतिशतले घटेको छ । अघिल्लो वर्ष आयात १६.१ प्रतिशतले र निर्यात २१.४ प्रतिशतले घटेको थियो ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १६.५ प्रतिशत र अमेरिकी डलरमा १४.५ प्रतिशतले बढेको छ ।*
- *शोधनान्तर स्थिति रु.५०२ अर्ब ४९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.२८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो ।*
- *कुल विदेशी विनिमय सञ्चिति १५ अर्ब २७ करोड अमेरिकी डलर रहेको छ । उक्त सञ्चिति १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।*
- *विस्तृत मुद्राप्रदाय १३.० प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन १३.० प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशतले बढेको छ ।*
- *२०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुमा रहेको कुल निक्षेप रु.६४ खर्ब ५२ अर्ब र निजी क्षेत्रमा प्रवाहित कर्जा रु.५० खर्ब ७४ अर्ब पुगेको छ ।*

## वास्तविक क्षेत्र

१. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा ३.८७ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान छ। कृषि क्षेत्रको वृद्धि ३.०५ प्रतिशत, उद्योग क्षेत्रको १.२५ प्रतिशत र सेवा क्षेत्रको वृद्धि ४.५० प्रतिशत रहेको अनुमान छ ।

२. आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २४.१० प्रतिशत, १३.०० प्रतिशत र ६२.९० प्रतिशत रहेको छ (तालिका १) ।

**तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)**

| क्षेत्र | २०७८/७९ | २०७९/८० सं | २०८०/८१ प्रा. |
|---|---|---|---|
| कृषि* | २४.४५ | २३.९१ | २४.१० |
| उद्योग | १४.२४ | १३.६० | १३.०० |
| सेवा | ६१.३० | ६२.४८ | ६२.९० |
| **यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | | | |
| **आर्थिक वृद्धिदर** | **५.६३** | **१.९५** | **३.८७** |
| कृषि* | २.३५ | २.७६ | ३.०५ |
| उद्योग | १०.७० | १.३८ | १.२५ |
| सेवा | ५.३२ | २.३६ | ४.५० |

*कृषि, वन तथा मत्स्यपालन
प्रा. प्रारम्भिक अनुमान
सं. संशोधित अनुमान
*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

३. आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ७.६१ प्रतिशत पुगेको छ । कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २४.४५ प्रतिशत र ३६.१५ प्रतिशत रहेको छ ।

४. आर्थिक वर्ष २०८०/८१ मा कुल विद्युतको जडित क्षमता वृद्धि भई ३,१५६.९६ मेगावाट पुगेको छ । जसमध्ये जलविद्युत २९९०.६ मेगावाट, सोलार १०६.९ मेगावाट, कोजेनेरेसन ६.० मेगावाट र थर्मल ५३.४ मेगावाट विद्युत जडित क्षमता रहेको छ ।


५. आर्थिक वर्ष २०८०/८१ मा कुल पर्यटक आगमन संख्यामा उल्लेख्य वृद्धि भएको छ । समीक्षा वर्षमा आगमन पर्यटक संख्या ११,२८,२८४ रहेको छ । आर्थिक वर्ष २०७९/८० मा उक्त संख्या ८,६२,९९२ रहेको थियो ।

# मुद्रास्फीति

## उपभोक्ता मुद्रास्फीति

६. २०८१ असारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.५७ प्रतिशत रहेको छ। २०८० असार महिनामा यस्तो मुद्रास्फीति ७.४४ प्रतिशत रहेको थियो।

७. आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.४४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ७.७४ प्रतिशत रहेको थियो।




८. अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०८०/८१ मा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत मरमसला उप-समूहको मूल्यवृद्धि २६.४० प्रतिशत, दाल तथा गेडागुडीको ९.९६ प्रतिशत, चिनी तथा चिनीजन्य वस्तुहरुको ९.८७ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.८५ प्रतिशत र तरकारीहरुको ८.२९ प्रतिशत रहेको छ भने घ्यू तथा तेल उप-समूहको मूल्य सूचकाङ्क १०.९९ प्रतिशतले घटेको छ।

९. साथै, गैर-खाद्य तथा सेवा समूह अन्तर्गत विविध वस्तु तथा सेवाहरु उप-समूहको मूल्यवृद्धि ११.३८ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको १०.९६ प्रतिशत, शिक्षाको ७.७३ प्रतिशत, फर्निसिङ्ग तथा घरायसी उपकरणहरुको ४.७५ प्रतिशत र कपडाजन्य तथा जुत्ता चप्पलको ४.५६ प्रतिशत रहेको छ भने यातायात उप-समूहको मूल्य सूचकाङ्क ०.८२ प्रतिशतले घटेको छ।

तालिका २ : वार्षिक औसत उपभोक्ता मुद्रास्फीति

| विवरण | प्रतिशत | | |
|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| **समग्र मुद्रास्फीति** | **६.३२** | **७.७४** | **५.४४** |
| *खाद्य तथा पेय पदार्थ* | ५.६९ | ६.६२ | ६.४७ |
| *गैर-खाद्य तथा सेवा* | ६.८३ | ८.६२ | ४.६४ |

## खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति

१०. आर्थिक वर्ष २०८०/८१ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.४७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको यस्तो मुद्रास्फीति ६.६२ प्रतिशत रहेको थियो।

११. २०८१ असार महिनामा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१० प्रतिशत रहेको छ। २०८० असार महिनामा उक्त समूहको यस्तो मुद्रास्फीति ७.३८ प्रतिशत रहेको थियो।

## गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति

१२. आर्थिक वर्ष २०८०/८१ मा गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.६४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको यस्तो मुद्रास्फीति ८.६२ प्रतिशत रहेको थियो।

१३. २०८१ असार महिनामा गैर-खाद्य तथा सेवा समूहको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.१५ प्रतिशत रहेको छ। २०८० असार महिनामा उक्त समूहको यस्तो मुद्रास्फीति ७.४८ प्रतिशत रहेको थियो।

## क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

१४. आर्थिक वर्ष २०८०/८१ मा काठमाडौं उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.९९ प्रतिशत, तराईको ४.८२ प्रतिशत, पहाडको ५.७८ प्रतिशत र हिमालको ६.८६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त क्षेत्रहरुको यस्तो मुद्रास्फीति क्रमशः ७.५५ प्रतिशत, ८.०० प्रतिशत, ७.५६ प्रतिशत र ७.१२ प्रतिशत रहेको थियो।

१५. २०८१ असार महिनामा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.९२ प्रतिशत, तराईको ३.२१ प्रतिशत, पहाडको ३.७७ प्रतिशत र हिमालको ३.७१ प्रतिशत मुद्रास्फीति रहेको छ । २०८० असार महिनामा उक्त क्षेत्रहरुको यस्तो मुद्रास्फीति क्रमशः ७.७० प्रतिशत, ७.४८ प्रतिशत, ६.९८ प्रतिशत र ८.१९ प्रतिशत रहेको थियो ।

### नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

१६. २०८१ असार महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.५७ प्रतिशत रहेको छ । सन् २०२४ जुलाई महिनामा भारतको यस्तो मुद्रास्फीति ३.५४ प्रतिशत रहेको छ ।

### थोक मुद्रास्फीति

१७. आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत थोक मुद्रास्फीति ३.९२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ८.४७ प्रतिशत रहेको थियो ।

१८. २०८१ असार महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ४.४१ प्रतिशत रहेको छ । २०८० असार महिनामा यस्तो मुद्रास्फीति ४.९८ प्रतिशत रहेको थियो ।

### तलव तथा ज्यालादर सूचकाङ्क

१९. आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत तलब तथा ज्यालादर सूचकाङ्क ५.०९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष यस्तो सूचकाङ्क ९.९० प्रतिशतले वृद्धि भएको थियो ।


२०. २०८१ असार महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ३.५६ प्रतिशतले वृद्धि भएको छ। २०८० असार महिनामा यस्तो सूचकाङ्क ८.७१ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः १.०५ प्रतिशत र ४.२९ प्रतिशतले वृद्धि भएको छ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

२१. आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यात ३.० प्रतिशतले कमी आई रु.१५२ अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात २१.४ प्रतिशतले घटेको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ३.३ प्रतिशत र ४.३ प्रतिशतले घटेको छ भने चीनतर्फ भएको निर्यात ४६.६ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा जिंक शिट, पार्टिकल बोर्ड, जुस, पोलिष्टर धागो, पिना लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, सोयाविन तेल, ऊनी गलैचा, ब्रान्स, जुटका सामान लगायतका वस्तुको निर्यात घटेको छ ।

**चार्ट २: वैदेशिक व्यापार (वार्षिक)**




२२. समीक्षा वर्षमा कुल वस्तु आयात १.२ प्रतिशतले कमी आई रु.१५९२ अर्ब ९९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात १६.१ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३.० प्रतिशत र १७.६ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४.२ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा यातायात उपकरण, सवारी साधन तथा स्पेयर पार्टपुर्जा, तयारी पोशाक, हवाइजहाजको स्पेयर पार्टपुर्जा, विद्युत्तीय उपकरण, अन्य मेशिनरी तथा पार्ट्स लगायतका वस्तुको आयात बढेको छ भने कच्चा सोयाविन तेल, सुन, हट रोल्ड शिट इन क्वायल, कच्चा पाम तेल, धान तथा चामल लगायतका वस्तुको आयात घटेको छ ।

२३. निर्याततर्फ भैरहवा, जलेश्वर, कृष्णनगर, मेची, रसुवा र तातोपानी भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ सुख्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, नेपालगञ्ज, रसुवा र तातोपानी भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ ।

२४. समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटा १.० प्रतिशतले कमी आई रु.१४४० अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा १५.५ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात ९.६ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ९.७ प्रतिशत रहेको थियो ।

२५. समीक्षा वर्षमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.१५१ अर्ब ७६ करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्ष यस्तो आयात रु.१५४ अर्ब ४२ करोड बराबरको भएको थियो ।

### वैदेशिक व्यापारको संरचना

२६. वृहत्त आर्थिक वर्गीकरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा भएको कुल निर्यातमा मध्यवर्ती र अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५६.४ प्रतिशत र ४२.९ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात ०.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५४.७ प्रतिशत, ०.७ प्रतिशत र ४४.६ प्रतिशत रहेको थियो ।

२७. समीक्षा वर्षमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ४८.८ प्रतिशत, पुँजीगत वस्तुको ९.७ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ४१.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः ५३.२ प्रतिशत, ८.४ प्रतिशत र ३८.३ प्रतिशत रहेका थिए ।

### निर्यात-आयात मूल्य सूचकाङ्क

२८. वार्षिक विन्दुगत आधारमा २०८१ असार महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) २.१ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क ०.४ प्रतिशतले बढेको छ । २०८१ असार महिनामा व्यापारको शर्त (Terms of Trade) १.७ प्रतिशतले बढेको छ ।

### सेवा

२९. आर्थिक वर्ष २०८०/८१ मा खुद सेवा आय रु.५५ अर्ब ८६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्ष खुद सेवा आय रु. ७९ अर्ब ८९ करोडले घाटामा रहेको थियो ।

३०. समीक्षा वर्षमा सेवा खाता अन्तर्गत भ्रमण आय ३२.१ प्रतिशतले वृद्धि भई रु.८२ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय रु.६२ अर्ब ३० करोड रहेको थियो ।

३१. समीक्षा वर्षमा सेवा खाता अन्तर्गत भ्रमण व्यय ३१.१ प्रतिशतले वृद्धि भई रु.१८९ अर्ब ४३ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.१२५ अर्ब १३ करोड रहेको छ । अघिल्लो वर्ष भ्रमण व्यय रु.१४४ अर्ब ५२ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.१०० अर्ब ४२ करोड रहेको थियो ।

### विप्रेषण आप्रवाह

३२. आर्थिक वर्ष २०८०/८१ मा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु.१४४५ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह २३.२ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४.५ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ८६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३.९ प्रतिशतले बढेको थियो ।

३३. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४६०,१०३ र पुनः श्रम स्वीकृति लिनेको संख्या २८१,१९९ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ४९७,७०४ र २७७,२७२ रहेको थियो ।

३४. समीक्षा वर्षमा खुद ट्रान्सफर १४.७ प्रतिशतले वृद्धि भई रु.१५७१ अर्ब २४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो ट्रान्सफर २२.५ प्रतिशतले बढेको थियो ।

## चालु खाता एवम् शोधनान्तर स्थिति


३५. आर्थिक वर्ष २०८०/८१ मा चालु खाता रु.२२१ अर्ब ३४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष चालु खाता रु.४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष ३६ करोड ६ लाखले घाटामा रहेको चालु खाता समीक्षा वर्षमा १ अर्ब ६६ करोडले बचतमा रहेको छ।

३६. समीक्षा वर्षमा पुँजीगत ट्रान्सफर २२.९ प्रतिशतले कमी आई रु.५ अर्ब ८१ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु.८ अर्ब ४० करोड कायम भएको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु.७ अर्ब ५४ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.६ अर्ब १७ करोड रहेको थियो।

३७. समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.५०२ अर्ब ४९ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.२८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष २ अर्ब १७ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा ३ अर्ब ७७ करोडले बचतमा रहेको छ।

## कुल विदेशी विनिमय सञ्चिति

३८. २०८० असार मसान्तमा रु.१५३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३२.६ प्रतिशतले वृद्धि भई २०८१ असार मसान्तमा रु.२०४१ अर्ब १० करोड कायम भएको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा रु.११ अर्ब ७१ करोड रहेकोमा २०८१ असार मसान्तमा ३०.४ प्रतिशतले वृद्धि भई १५ अर्ब २७ करोड कायम भएको छ।




३९. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८० असार मसान्तमा रु.१३४५ अर्ब ७८ करोड रहेकोमा २०८१ असार मसान्तमा ३७.४ प्रतिशतले वृद्धि भई रु.१८४८ अर्ब ५५ करोड कायम भएको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु.१९३ अर्ब ५९ करोड रहेकोमा २०८१ असार मसान्तमा ०.५ प्रतिशतले कमी आई रु.१९२ अर्ब ५५ करोड पुगेको छ। २०८१ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.५ प्रतिशत रहेको छ।

## सञ्चिति पर्याप्तता सूचक

४०. आर्थिक वर्ष २०८०/८१ को आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.६ महिनाको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०८१ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत र २९.३ प्रतिशत रहेका छन्। २०८० असार मसान्तमा यी अनुपातहरु क्रमशः २८.८ प्रतिशत, ८३ प्रतिशत र २५ प्रतिशत रहेका थिए।

## बाह्य लगानी स्थिति

४१. २०८१ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.२१७६ अर्ब ९८ करोड तथा दायित्व रु.१८९० अर्ब ६० करोड रहेको छ। फलस्वरुप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति (Net International Investment Position) रु.२८६ अर्ब ३८ करोडले बचतमा रहेको छ। २०८० असारमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति रु.१७७ अर्ब २ करोडले घाटामा रहेको थियो।

## कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

४२. अन्तर्राष्ट्रिय बजारमा २०८० असार मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ७९.९० रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०८१ असार मसान्तमा ८.२ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ८६.४२ पुगेको

छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८० असार मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १९५३.७ रहेकोमा २०८१ असार मसान्तमा २३.९ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २४२१.२५ कायम भएको छ।

### विनिमय दर

४३. २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.६४ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्ष नेपाली रुपैयाँ २.७९ प्रतिशतले अवमूल्यन भएको थियो। २०८१ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३३.३६ पुगेको छ। २०८० असार मसान्तमा उक्त विनिमय दर रु. १३१.१७ रहेको थियो।

## सरकारी वित्त स्थिति

### नेपाल सरकार

### वित्त घाटा/बचत

४४. आर्थिक वर्ष २०८०/८१ मा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.३८२ अर्ब ८ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु.४९१ अर्ब ७८ करोडले घाटामा रहेको थियो।

### खर्च तथा राजस्व

४५. नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारको कुल खर्च रु.१४२१ अर्ब ३३ करोड रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा यस्तो खर्च रु.१४०८ अर्ब २ करोड रहेको छ। जसमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था वापतको खर्च क्रमशः रु.९५१ अर्ब ६४ करोड, रु.१९१ अर्ब ७५ करोड र रु.२६४ अर्ब ६३ करोड रहेको छ।

४६. आर्थिक वर्ष २०८०/८१ मा राजस्व संकलन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रु.१०५८ अर्ब ९० करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व संकलन रु.९५७ अर्ब ३५ करोड रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा अन्य प्राप्तिसमेत गरी नेपाल सरकारले रु.१०८२ अर्ब ७५ करोड स्रोत परिचालन गरेको छ।

### ऋण परिचालन

४७. आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारले रु.२३४.४२ अर्ब आन्तरिक ऋण परिचालन गरेको छ भने रु.१८२ अर्ब ६२ करोड साँवा भुक्तानी गरेको छ। यसर्थ, यस अवधिमा रु.५१ अर्ब ८० करोड खुद आन्तरिक ऋण परिचालन भएको छ। यो रकम कुल गार्हस्थ्य उत्पादनको ०.९ प्रतिशत हुन आउँछ। यस अवधिमा सरकारले रु.१२३ अर्ब ६१ करोड वाह्य ऋण परिचालन गरेको छ।

**तालिका ३: सरकारी ऋणको स्थिति**

| शीर्षक | रकम (रु.अर्बमा) | | | कुल गार्हस्थ्य उत्पादन सँगको अनुपात | | |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| वाह्य ऋण | १०२५.८५ | ११७०.२५ | १२५२.३४ | २०.६१ | २१.८८ | २१.९५ |
| आन्तरिक ऋण | ९८४.२९ | ११२९.१० | ११८०.९० | १९.७८ | २१.११ | २०.७० |
| कुल ऋण | २०१०.१३ | २२९९.३५ | २४३३.२४ | ४०.३९ | ४२.९९ | ४२.६५ |

४८. २०८१ असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रु.२४३३ अर्ब २४ करोड पुगेको छ। जसमध्ये, वाह्य ऋण रु.१२५२ अर्ब ३४ करोड र आन्तरिक ऋण रु.११८० अर्ब ९० करोड रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल सार्वजनिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४२.६५ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ४२.९९ प्रतिशत रहेको थियो (तालिका ३)।

### नगद मौज्दात

४९. २०८१ असार मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.९९ अर्ब २७ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ।

### प्रदेश सरकार

५०. आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारको बैंकिङ्ग कारोबारमा आधारित कुल खर्च रु.१८४ अर्ब २ करोड रहेको छ। समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत प्राप्ति रु.१९२ अर्ब ९५ करोड रहेको छ। यसमध्ये नेपाल सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१४५ अर्ब ९ करोड हस्तान्तरण गरेको छ। यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुले राजस्व र अन्य स्रोतबाट रु.४७ अर्ब ८६ करोड परिचालन गरेका छन्।


## मौद्रिक स्थिति

### मुद्राप्रदाय

५१. आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदाय १३.० प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय ११.२ प्रतिशतले बढेको थियो।

५२. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.५०२ अर्ब ४९ करोड (३४.५ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रु.२८५ अर्ब ८२ करोड (२४.८ प्रतिशत) ले बढेको थियो।

५३. समीक्षा वर्षमा सञ्चित मुद्रा ८.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्रा १०.४ प्रतिशतले बढेको थियो।




### कुल आन्तरिक कर्जा

५४. आर्थिक वर्ष २०८०/८१ मा कुल आन्तरिक कर्जा ६.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त कर्जा ८.८ प्रतिशतले बढेको थियो।

५५. समीक्षा वर्षमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दावी ४.० प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो दावी ३५.४ प्रतिशतले बढेको थियो।

५६. समीक्षा वर्षमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ६.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो दावी ४.६ प्रतिशतले बढेको थियो।

### निक्षेप परिचालन

५७. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप रु.७४२ अर्ब ३७ करोड (१३.० प्रतिशत) प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप रु.६२७ अर्ब २५ करोड (१२.३ प्रतिशत)प्रतिशतले बढेको थियो।

५८. २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ५.८ प्रतिशत, ३०.३ प्रतिशत र ५६.४ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ७.७ प्रतिशत, २६.६ प्रतिशत र ५८.९ प्रतिशत रहेको थियो।

**तालिका ४: बैंक तथा बित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | | | |
|---|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
| चल्ती | १०.० | १०.४ | ८.९ | ७.७ | ५.८ |
| बचत | ३१.९ | ३४.२ | २७.६ | २६.६ | ३०.३ |
| मुद्दती | ४८.६ | ४७.० | ५५.८ | ५८.९ | ५६.४ |
| अन्य | ९.५ | ८.४ | ७.७ | ६.८ | ७.५ |


५९. २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.२ प्रतिशत रहेको छ। २०८० असार मसान्तमा यस्तो निक्षेपको अंश ३६.६ प्रतिशत रहेको थियो।

### कर्जा प्रवाह

६०. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.२७६ अर्ब ९४ करोड (५.८ प्रतिशत) ले प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा रु.१७५ अर्ब ९४ करोड (३.८ प्रतिशत) ले प्रतिशतले बढेको थियो ।

६१. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६३.३ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमश: ६२.७ प्रतिशत र ३७.३ प्रतिशत रहेको थियो ।

चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (असार)
(वार्षिक विन्दुगत)




६२. समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ५.८ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह ५.० प्रतिशतले र वित्त कम्पनीहरुको ७.७ प्रतिशतले बढेको छ ।

६३. २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये ६६.५ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १३.२ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०८० असार मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमश: ६८.० प्रतिशत र ११.६ प्रतिशत रहेको थियो ।

६४. आर्थिक वर्ष २०८०/८१ मा बैंक तथा वित्तीय संस्थाहरुको कृषि क्षेत्रतर्फको कर्जा ०.९ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ८.८ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १६.७ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १.५ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ६.२ प्रतिशतले बढेको छ ।

६५. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा २२.२ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ९.६ प्रतिशतले, मार्जिन प्रकृति कर्जा १८.१ प्रतिशतले र ट्रष्ट रिसिट (आयात) कर्जा १२.६ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा २२.० प्रतिशतले, ओभरड्राफ्ट कर्जा ४६.३ प्रतिशतले र डिमान्ड तथा चालु पुँजी कर्जा १७.६ प्रतिशतले घटेको छ ।

### तरलता व्यवस्थापन

६६. आर्थिक वर्ष २०८०/८१ मा स्थायी निक्षेप सुविधामार्फत रु.३५२२ अर्ब ३५ करोड र निक्षेप संकलन बोलकबोलमार्फत रु.११५१ अर्ब २५ करोड गरी कुल रु.४६७३ अर्ब ६० करोड तरलता प्रशोचन गरिएको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले पटक पटक गरी स्थायी तरलता सुविधामार्फत रु.१ अर्ब २० करोड र ओभरनाइट तरलता सुविधामार्फत रु.८०३ अर्ब ५६ करोड गरी कुल रु.८०४ अर्ब ७६ करोड तरलता उपयोग गरेका छन् । फलस्वरुप, समीक्षा वर्षमा खुद रु.३८६८ अर्ब ८४ करोड तरलता प्रशोचन भएको छ । अघिल्लो आर्थिक वर्षमा खुला बजार कारोबार र स्थायी तरलता सुविधा लगायतका विभिन्न उपकरणमार्फत खुद रु.५४०९ अर्ब ९९ करोड तरलता प्रवाह गरिएको थियो ।

६७. समीक्षा वर्षमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ५ अर्ब ८९ करोड खूद खरिद गरी रु.७८३ अर्ब ४७ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ५ अर्ब ४५ करोड खूद खरिद गरी रु.७१२ अर्ब ५० करोड तरलता प्रवाह गरिएको थियो ।

६८. समीक्षा वर्षमा अमेरिकी डलर ४ अर्ब २ करोड बिक्री गरी रु.५३५ अर्ब ७ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर ४ अर्ब ५६ करोड बिक्री गरी रु.५९६ अर्ब ३७ करोड बराबरको भारतीय रुपैंया खरिद भएको थियो ।

### सहुलियतपूर्ण कर्जा

६९. नेपाल सरकारको ब्याज अनुदानमा बैंक तथा वित्तीय संस्थामार्फत प्रवाह भएको सहुलियतपूर्ण कर्जा २०८१ असार मसान्तमा कुल १ लाख २० हजार २७४ ऋणीलाई प्रवाह भएको रु.१२६ अर्ब ८२ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ४६ हजार ३५६ ऋणीलाई प्रवाह भएको रु.८६ अर्ब ९० करोड कर्जा रहेको छ भने महिला

उद्यमशील कर्जा अन्तर्गत ७१ हजार ८८३ महिला उद्यमीलाई प्रवाह भएको रु.३८ अर्ब २९ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ३५ ऋणीको रु.१ अर्ब ६३ करोड कर्जा बक्यौता रहेको छ ।

## अन्तर-बैंक कारोबार

७०. आर्थिक वर्ष २०८०/८१ मा वाणिज्य बैंकहरुबीच रु.३८६३ अर्ब ४८ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) बीच रु.३६३ अर्ब गरी कुल रु.४२२६ अर्ब ४८ करोडको अन्तर-बैंक कारोबार भएको छ। अघिल्लो वर्ष वाणिज्य बैंकहरुबीच रु.३९४२ अर्ब १५ करोड र अन्य वित्तीय संस्थाहरुबीच रु.३५२ अर्ब ७ करोड गरी कुल रु.४२९४ अर्ब २२ करोडको अन्तर बैंक कारोबार भएको थियो ।

## ब्याजदर

७१. २०८० असारमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ६.३५ प्रतिशत रहेकोमा २०८१ असारमा ३.०० प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०८० असारमा ३.१४ प्रतिशत रहेकोमा २०८० असारमा २.९९ प्रतिशत रहेको छ (तालिका ५)।

७२. २०८० असारमा वाणिज्य बैंकहरुको औसत आधार दर १०.०३ प्रतिशत, विकास बैंकहरुको १२.१५ प्रतिशत र वित्त कम्पनीहरुको १३.४१ प्रतिशत रहेकोमा २०८१ असारमा औसत आधार दर क्रमशः ८.०० प्रतिशत, ९.७१ प्रतिशत र ११.२१ प्रतिशत कायम भएको छ ।

७३. २०८० असारमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ७.८६ प्रतिशत, विकास बैंकहरुको ९.१४ प्रतिशत र वित्त कम्पनीहरुको ९.७९ प्रतिशत रहेकोमा २०८१ असारमा निक्षेपको भारित औसत ब्याजदर क्रमशः ५.७७ प्रतिशत, ६.६३ प्रतिशत र ७.९३ प्रतिशत कायम भएको छ ।

**तालिका ५ : भारित औसत ब्याजदर (प्रतिशत)**

| शीर्षक | २०७९ असार | २०८० असार | २०८१ असार |
|---|---|---|---|
| ९१-दिने ट्रेजरी बिल | १०.६६ | ६.३५ | ३.०० |
| औसत अन्तर बैंक दर | ७.०१ | ३.१४ | २.९९ |
| औसत आधार दर | | | |
| वाणिज्य बैंक | ९.५४ | १०.०३ | ८.०० |
| विकास बैंक | – | १२.१५ | ९.७१ |
| वित्त कम्पनी | – | १३.४१ | ११.२१ |
| निक्षेपको ब्याजदर | | | |
| वाणिज्य बैंक | ७.४१ | ७.८६ | ५.७७ |
| विकास बैंक | – | ९.१४ | ६.६३ |
| वित्त कम्पनी | – | ९.७९ | ७.९३ |
| कर्जाको ब्याजदर | | | |
| वाणिज्य बैंक | ११.६२ | १२.३० | ९.९३ |
| विकास बैंक | – | १४.१० | ११.३४ |
| वित्त कम्पनी | – | १४.८२ | १२.५५ |

७४. २०८० असारमा वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर १२.३० प्रतिशत, विकास बैंकहरुको १४.१० प्रतिशत र वित्त कम्पनीहरुको १४.८२ प्रतिशत रहेकोमा २०८१ असारमा कर्जाको भारित औसत ब्याजदर क्रमशः ९.९३ प्रतिशत, ११.३४ प्रतिशत र १२.५५ प्रतिशत कायम भएको छ ।

## वित्तीय पहुँच

७५. इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०८१ असार मसान्तमा ११० रहेको छ । यस मध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५५ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०८० असार मसान्तमा ११,५८९ रहेकोमा २०८१ असार मसान्तमा ११,५५६ कायम भएको छ (तालिका ६) । २०८१ असार मसान्तमा प्रतिशाखा जनसंख्या २५१७ रहेकोमा २०८१ असार मसान्तमा २५२४ कायम भएको छ ।

**तालिका ६: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***

| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०७९ असार मसान्त | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०७९ असार मसान्त | २०८० असार मसान्त | २०८१ असार मसान्त |
| वाणिज्य बैंक | २६ | २० | २० | ५००९ | ५०४९ | ५०५६ |
| विकास बैंक | १७ | १७ | १७ | १११८ | ११२८ | ११३५ |
| वित्त कम्पनी | १७ | १७ | १७ | २६७ | २८४ | २८८ |
| लघुवित्त वित्तीय संस्था | ६५ | ५७ | ५५ | ५१३४ | ५१२८ | ५०७७ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१२६** | **११२** | ११० | **११५२८** | **११५८९** | **११५५६** |

*यस सम्बन्धी विस्तृत विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

### निक्षेप तथा कर्जा सुरक्षण


७६. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०८१ असार मसान्तमा ५६ बैंक तथा वित्तीय संस्थाहरुमा ४ करोड ५७ लाख ९५ हजार खातामा प्राकृतिक व्यक्तिका नाममा रहेको बचत, चल्ती, कल तथा मुद्दती निक्षेप रकम रु.१४३० अर्ब ४६ करोड निक्षेप सुरक्षण गरेको छ । २०८० असार मसान्तमा ४ करोड १३ लाख ८१ हजार खातामा प्राकृतिक व्यक्तिका नाममा रहेको रु.१२३२ अर्ब ९५ करोड निक्षेप सुरक्षण गरिएको थियो ।

७७. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको रु.२९६ अर्ब ४५ करोड बराबरको लघु तथा विपन्न वर्ग कर्जा, साना तथा मझौला उद्योग कर्जा र कृषि कर्जा (नेपाल सरकारको ब्याज अनुदानमा प्रवाह भएको सहुलियतपूर्ण कर्जासमेत) सुरक्षण गरेको छ । २०८० असार मसान्तमा रु.२७४ अर्ब ५५ करोड बराबरको यस्तो कर्जा सुरक्षण गरिएको थियो ।

## पुँजी बजार

७८. २०८० असार मसान्तमा २०९७.१० रहेको नेप्से सूचकाङ्क २०८१ असार मसान्तमा २२४०.४१ कायम भएको छ ।

७९. २०८१ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.३५५३ अर्ब ६८ करोड कायम भएको छ। २०८० असार मसान्तमा बजार पुँजीकरण रु.३०८२ अर्ब ५२ करोड रहेको थियो ।



चार्ट ६ : नेप्से सूचकाङ्क

८०. २०८१ असार मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २७० पुगेको छ। सूचीकृत कम्पनीहरुमध्ये १३२ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ९१ जलविद्युत् कम्पनी, २२ उत्पादन तथा प्रशोधन उद्योग, ७ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ७ अन्य समूहका रहेका छन् । २०८० असारमा सूचीकृत कम्पनीहरूको संख्या २५४ रहेको थियो ।

८१. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ५८.६ प्रतिशत रहेको छ । त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १५.१ प्रतिशत, लगानी कम्पनीको हिस्सा ७.३ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ६.४ प्रतिशत, होटेलको हिस्सा २.८ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.५ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ९.२ प्रतिशत रहेको छ ।

८२. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८१ असार मसान्तमा सूचीकृत ८ अर्ब ३२ करोड शेयरको चुक्ता मूल्य रु.८२५ अर्ब ५ करोड रहेको छ ।

८३. आर्थिक वर्ष २०८०/८१ मा रु.८६ अर्ब ८१ करोड बराबरको साधारण शेयर, रु.२१ अर्ब ९८ करोड बराबरको हकप्रद शेयर, रु.२१ अर्ब ६५ करोड बराबरको बोनस शेयर र रु.३ करोड बराबरको एफपीओ गरी कुल रु.१३० अर्ब ४७ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

८४. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.१० अर्ब ७५ करोड बराबरको साधारण शेयर, रु.७ अर्ब ६५ करोड बराबरको हकप्रद शेयर, रु.६ अर्ब २ करोड बराबरको डिबेन्चर र रु.४ अर्ब ७० करोड बराबरको म्युचुअल फण्ड गरी कुल रु.२९ अर्ब १२ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।